नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश नेपाल

**प्रथम पटक प्रकाशित मिति २०७४।१२।०७**

**गाउँपालिकाको पार्श्वचित्र निर्माण सम्बन्धी शिलबन्दी प्रस्ताव पत्र आह्वान ।**

आर्थिक वर्ष २०७४।७५ को वार्षिक कार्यक्रम अन्तर्गत नौमूले गाउँपालिकाको **पार्श्वचित्र** निर्माण गर्नु पर्ने भएकोले परामर्श सेवा खरिदका लागि नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका सेवा प्रदायक संस्था/फर्म/कम्पनीबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वक शिलबन्दी प्रश्तावपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

शर्तहरू

१. ईच्छुक सेवा प्रदायक संस्था/फर्म/कम्पनीको नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई नवीकरण गरिएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, कर छुट प्रमाणपत्र (लागु हुने हदसम्म) र पछिल्लो तीन वर्षको लेखापरीक्षण प्रतिवेदन शिलबन्दी दरभाउपत्र साथ संलग्न हुनुपर्ने छ ।

२. सेवा प्रदायक परामर्शदाता संस्था/फर्म/कम्पनीले कार्यक्षेत्रगत शर्तहरूमा उल्लेख गरिए अनुसारको प्राविधिक र आर्थिक प्रस्तावहरू तयार गरी छुट्टा छुट्टै खाममा शिलबन्दी गरी दुवै प्रस्तावलाई एउटै खाममा राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

३. ईच्छुक सेवा प्रदायक संस्था/फर्म/कम्पनीले कार्यक्षेत्रगत शर्तहरू प्राप्त गर्न गाउँपालिकाको वेभसाइट http://www.naumulemun.gov.np मार्फत डाउनलोड गर्न सकिनेछ वा naumulegapa@gmail.com मा मेल मार्फत जानकारी लिन सकिनेछ।

४. नियमानुसार दर्ता भएका शिलबन्दी दरभाउपत्र परामर्शदाताको प्रतिनिधिहरूको रोहबरमा वा उपस्थित नभए पनि गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने छ ।प्रस्तावपत्रको मूल्याङ्कन गुणस्तर र लागत विधिको आधारमा गरिनेछ ।

५. म्यादभित्र दर्ता नभएको, रीत नपुगेको वा संलग्न कागजातहरू नपुगेको र शिलबन्दी नभएको दरभाउ पत्रलाई मान्यता दिईने छैन ।

७. शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

८. सूचनामा उल्लेख भएबाहेकका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

यो सूचना प्रकाशित भएको १५ औं दिनको १२:०० बजेसम्ममा सिलबन्दी दरभाउपत्र कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ र सोही दिनको २:०० बजे प्रश्तावपत्र खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयसम्म म्याद रहनेछ ।

नौमूले गाउँपालिका दैलेख